# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित

खण्ड-६, मालारानी गाउँपालिका, मितिः २०८०/०१/१२ संख्या : १


भाग २

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

प्रमाणीकरण मिति २०८०/०१/१०

## सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** यस गाउँपालिकामा स्थापना भएका र स्थापना हुने सामुदायिक सिकाइ केन्द्रहरूको थप सुदृढीकरण र सवलीकरण गरी स्थानीय साधन, स्रोत, श्रम, सिप, पुँजी र प्रविधिको अधिकतम परिचालन र उपयोग गर्दै सामुदायिक शसक्तीकरण गर्न वाञ्छनीय भएकोले, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी मालारानी गाउँ

कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि मालारानी गाउँपालिका भित्र सञ्चालन हुने र भएका सामुदायिक सिकाइ केन्द्रमा लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"केन्द्र"** भन्नाले मालारानी गाउँपालिकाभित्र यो कार्यविधि लागू हुन अघि सञ्चालनमा रहेका र कार्यविधिको अधिनमा रही स्थापना हुने सामुदायिक सिकाई केन्द्रलाई समेत जनाउने छ ।

(ख) **"मापदण्ड"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको **"सामुदयिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८"** लाई सम्झनुपर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापनाका लागि मालारानी गाउँपालिकाले तयार गरेको कार्यविधि सम्झनुपर्छ ।

(घ) **"परिचालक"** भन्नाले सामुदायिक सिकाई केन्द्रमा नियुक्ति भएका वा नियुक्ति हुने सामुदायिक सिकाई केन्द्रका महिला समुदाय परिचालक कर्मचारी सम्झनु पर्छ ।

(ङ) **"व्यवस्थापन समिति"** भन्नाले सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(च) **"समुदाय"** भन्नाले स्थानीय तहमा स्थायी बसोबास गरी निरन्तर शिक्षा, सिकाइ तथा समाजको विकासमा निरन्तर क्रियाशिल व्यक्तिहरूको समुह सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ ।

**३. मापदण्ड बमोजिम हुनेः** (१) देहायका शर्त, आधार, कार्य, प्रकृया लगायतका विषयका क्षेत्रमा मन्त्रालयले तोकेको मापदण्ड अनुसार हुनेछ ।

(क) केन्द्रको स्थापना,

(ख) शर्त तथा आधारहरू

(ग) केन्द्र स्थापनाको स्विकृति

(घ) केन्द्रको स्वायत्तता सम्बन्धमा

(ङ) व्यवस्थापन समितिको गठन, कार्यविधि तथा कार्यकाल
(च) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार
(छ) अभिलेख व्यवस्थापन
(ज) केन्द्रबाट सञ्चालन हुने कार्यक्रम र सेवा
(झ) केन्द्रको काम, कर्तव्य र अधिकार
(ञ) सदस्यता सम्बन्धी व्यवस्था
(ट) साधारणसभा र बैठक
(ठ) केन्द्रको कोष
(ड) लेखापरीक्षण
(ढ) प्रतिवेदन सम्बन्धी व्यवस्था
(ण) केन्द्रको स्थान परिवर्तन
(त) नियमन तथा निर्देशन
(थ) कर्मचारी व्यवस्थापन

(२) दफा ३ को उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि गाउँपालिकाले थप मापदण्ड तथा कार्यविधिमा अन्य कुरा उल्लेख गरेमा सोही बमोजिम हुनेछ ।

४. केन्द्रको नामाकरण र नाम परिवर्तनः (१) यो कार्यविधि लागूभएपछि स्थापना हुने तथा अगाडि नै सञ्चालनमा रहेका केन्द्रको नामाकरण तथा नाम परिवर्तन देहायबमोजिमका आधारमा गर्न सकिनेछ :

(क) राष्ट्रियता, स्थानीय महत्त्वको भौगोलिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक स्थल,
(ख) राष्ट्रिय विभूति वा व्यक्तित्व,
(ग) राष्ट्रिय संस्कृति, परम्परा वा ऐतिहासिकता

(२) केन्द्रको साविकको नाम परिवर्तन गर्नु पर्ने भएमा सेवाक्षेत्रका समुदायको भेला र सम्बन्धित व्यवस्थापन समितिको निर्णयले नाम परिवर्तन गर्नुपर्ने आचित्य सहित (क), (ख) वा (ग) बमोजिमका आधारमा नाम प्रस्ताव गरी गाउँपालिकामा आवेदन दिनुपर्नेछ । रीत पुर्‍याइ प्राप्त भएको प्रस्तावलाई औचित्यका आधारमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(३) कुनै संस्था वा व्यक्तिले आफ्नो वा आफ्नो पारिवारिक सदस्यको नाममा केन्द्रको नामकरण गर्न चाहेमा तपशिलका शर्तहरू पूरा गरी गर्न सकिनेछ ।

(क) केन्द्रले तोकेको क्षेत्रभित्र कुनै संस्था वा व्यक्तिले केन्द्रको भवन निर्माणको

लागि आवश्यक पर्ने गाउँपालिकाले तोके बमोजिमको न्यूनतम जग्गा उपलब्ध गराएमा,

(ख) कम्तीमा दश लाख रुपैंया नगद रकम केन्द्रको कोषमा जम्मा गरेमा,

(४) कुनै संस्था वा व्यक्तिले आफ्नो वा आफ्नो पारिवारिक सदस्यको नाममा केन्द्रको भवन वा कुनै कोठाको नामकरण गर्न चाहेमा तपशिलका शर्तहरू पूरा गरी गर्न सकिनेछ ।

(क) कुनै व्यक्ति वा संस्थाले केन्द्रलाई आवश्यक पर्ने गाउँपालिकाले तोके बमोजिमको जग्गासहितको भवन दिएमा वा केन्द्रको जग्गा रहेको ठाउँमा भवन बनाइ दिएमा भवनको नामाकरण गर्न सकिने,

(ख) केन्द्रको भवनमा कुनै कोठाको निर्माण सम्पन्न गरेमा उक्त कोठाको नामाकरण गर्न सकिने,

**५. केन्द्र परिचालन सम्बन्धमाः** गाउँपालिकाबाट स्वीकृत भएका देहायका क्षेत्रका योजना तथा कार्यक्रमहरू कार्यान्वयनका लागि सम्बन्धित वडा तथा गाउँ कार्यपालिकाको कार्यालयले केन्द्रलाई परिचालन गर्न सक्नेछ ।

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण,

(ख) सामाजिक संरक्षण तथा सुरक्षा,

(ग) विद्यार्थी भर्ना अभियान,

(घ) खुल्ला विद्यालय सञ्चालन,

(ङ) बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापन,

(च) सामुदायिक सशक्तिकरण,

(छ) सर्वेक्षण तथा तथ्याङ्क संकलन,

(ज) सामुदायिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन,

(झ) गाउँपालिकाले तोकेबमोजिमका अन्य क्षेत्रहरू ।

**६. संशोधन तथा खारेजः** यस कार्यविधिलाई गाउँकार्यपालिकाले संशोधन तथा खारेज गर्न सक्नेछ ।

**७. बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्ने :** कार्यविधिको कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ भएमा गाउँकार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

आज्ञाले
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत